# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
## गागलफेदी, काठमाडौँ
## बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.:
१६६००१२१११११

पत्र संख्या: २०७९।०८०

मिति: २०७९।११।१०

**पशु पन्छी तथा मत्स्य प्रवर्धन कार्यक्रम संचालन सम्बन्धि सूचना**

**कागेश्वरी मनोहरा नगरपालिका,**

**नगर कार्यापालिकाको कार्यालय, डाँछी, काठमाडौं ,**

**दोस्रो पटक प्रकाशित मिति २०७९।११।१० गते**

आ.व २०७९।०८० को वार्षिक स्विकृत कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु "पशु पन्छी मत्स्य प्रवर्द्धन कार्यक्रम संचालन प्रकृया" बमोजिम गर्न ईच्छुक कृषक, सहकारी संस्था, कृषक समूह/ समिति/निजि संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले **०७ दिन** सम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्तहुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने ब्यहोरा जानकारी गराईन्छ ।

| क.सं | कार्यक्रम | संख्या | प्रति ईकाई अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १) | पशु पन्छी बजार प्रवर्द्धनका लागि मिट मार्ट स्थापना | १ | २९,७०,०००। | ५०% अनुदान |

**मिट मार्ट स्थापना कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ ।**

- आउटलेट न्यूनतम ८०० वर्ग फिटको हुनु पर्नेछ ।
- भित्तामा ६ फिट सम्म सेते टाईल लगाईएको हुनुपर्ने छ र भुईमा सेतो टाईल वा मार्वल लगाईएको हुनु पर्नेछ ।
- मिर्ट मार्ट बातानुकुलित हुने ब्यवस्था गर्नु पर्नेछ ।
- कारोबार क्षमता अनुसार आवश्यक संख्यामा डिस्पले रेफ्रिजेरेटर राख्नु पर्नेछ ।
- बिभिन्न प्रकारको मासु छुट्टा छुट्टै राखि बिक्रि बितरण गर्नु पर्नेछ ।
- प्याकेजिङ गरिएको बिभिन्न किसिमको मासुलाई अलग अलग रेफ्रिजरेशन गर्नु पर्नेछ ।
- पसलमा चिस्यान कायम गर्न बिजुलिको बैकल्पिक ब्यवस्था भएको हुनु पर्नेछ ।
- गुणस्तर तथा नाप तौल बिभागबाट प्रमाणि ईलेक्ट्रोनिक ब्यालेन्स हुनु पर्नेछ ।
- मासु टुक्राउने, प्याकिङ र लेवल गर्ने मेशिन छुट्टै कोठमा हुनु पर्नेछ ।
- मिट मार्ट संचालन हुने क्षेत्र भित्र पशु बध गर्न पाईने छैन ।
- मिट मार्टमा कोल्ड रुम रहनु पर्नेछ ।
- पकाएको मासु पनि बिक्रि गर्ने हो भने काचो र पकाएको मासुलाई भिन्दा भिन्दै क्षेत्रमा राखि बिक्रि गर्नु पर्नेछ ।
- ३ फेजको लाईन वा Voltage पुग्ने ब्यवस्था गर्नु पर्नेछ ।

निवेदन र संक्षिप्त ब्यवसायिक कार्य योजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस कागेश्वरी मनोहरा नगरपालिकाको बेवसाईट www.kageshworimanohoramun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा सम्बन्धित वडा कार्यालय र पशु सेवा शाखा गागलफेदीबाट प्राप्त गर्न सकिनेछ । अन्य थप जानकारीको लागि फोन नं ९८४२०७१५९६, ९८४१४४५१२९ मा सम्पर्क गनुहुन अनुरोध छ ।

राम बहादुर देउजा

पशु चिकित्सक(आठौं)